"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

सूर्योदय नगरपालिका
२०७२

प.सं. ०७९/०८०

मिति: २०८०/०३/३१

च.नं.

# विज्ञप्ति

यहि मिति २०८० असार २५ गते सूर्योदय नगरपालिका क्षेत्रभित्रका केही डेरी व्यवसायीहरूको बैठकबाट कृषकहरूलाई दिइदै आएको दुधको खरिद मूल्य घटाएको सम्बन्धमा विभिन्न सञ्चार माध्यम मार्फत प्रकाशन तथा प्रशारण भएको समाचार र सामाजिक सञ्जालमार्फत ब्यक्त टिकाटिप्पणी प्रति नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा मिति २०८०।०३।३१ गते सूर्योदय नगरपालिका क्षेत्रभित्रका डेरी व्यवसायीहरू र नगरपालिका बीचको संयुक्त छलफल तथा बैठकबाट कृषकले उत्पादन गरेको कच्चा दुधको मूल्य राष्ट्रिय दुग्ध विकास बोर्डले सिफारिस गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले तोके बमोजिमको दररेट अनुसार नै खरिद तथा विक्री गर्ने गराउने निर्णय भएको व्यहोरा सबै सरोकारवालाहरूमा जानकारी गराइन्छ । साथै सू.न.पा. क्षेत्रभित्रका केही डेरी व्यासायीहरुबाटै यस अघि भएको निर्णय प्रचलित कानून बमोजिम नरहेकोले सोको कानूनी आधार र बैधानिकता नहुने एवम् साविकमा नेपाल सरकारले निर्धारण गरेको मूल्य अनुसार नै खरिद तथा विक्री गर्न समेत सम्बन्धित सबै सरोकारवालाहरूलाई जानकारी एवम् कार्यान्वयनका लागि नगरपालिका अनुरोध गर्दछ ।

मिति: २०८०।०३।३१ गते

ख्याम बहादुर भुजेल
प्रवक्ता